नेपाल राष्ट्र बैंक

प्रेस समाचार

# बाल तथा युवालाई वित्तीय सेवा प्रवर्द्धनमा नयाँ आयाम

## ('विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम सञ्चालन गरिने)

Child and Youth Finance सम्बन्धी विश्व वित्तीय सप्ताह (March 15-21) को अवसर पारेर नेपाल राष्ट्र बैंकले "बाल तथा युवा वित्तीय महोत्सव" (Child and Youth Finance Celebration - Global Money Week) विषयक एक कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, विभिन्न शैक्षिक संस्था, बाल क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, सञ्चार क्षेत्र तथा बाल अधिकार क्षेत्रका प्रतिनिधि तथा बाल चेतना समूहका विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा उद्घाटन मन्तव्य प्रस्तुत गर्दै गभर्नर डा. युवराज खतिवडाले वित्तीय पहुँच कार्यक्रमलाई नेपाल राष्ट्र बैंकले उच्च महत्व दिएको सन्दर्भमा यसलाई मूर्त रूप प्रदान गर्न बाल तथा युवा वित्तीय कार्यक्रम एक सशक्त माध्यम बन्न सक्ने धारणा राख्नुभयो । पैसा चलाउने बानी, पैसाको महत्व, वचतको महत्व बुझाउने कार्यमा बाल तथा युवा वित्तीय साक्षरता कार्यक्रम विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गर्न आवश्यकता उहाँले औंल्याउनु भयो । उहाँले निकट भविष्यमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम सञ्चालन गरिने जानकारी दिँदै यस कार्यक्रमलाई सफल बनाउन सम्बद्ध निकाय तथा शैक्षिक संस्थालाई आग्रह समेत गर्नुभयो । सानैदेखि वित्तीय चेतनाको विकास भएमा यसले भविष्यमा उद्यमशीलताको प्रवर्द्धन, सदाचारको विकास मार्फत् वित्तीय अपराध न्यूनीकरणमा सहयोग पुग्ने धारणा उहाँको रहेको थियो । सोको प्राप्तिका लागि बैंक तथा वित्तीय संस्थालाई बालमैत्री वित्तीय उपकरण प्रवर्द्धन गर्न आग्रह गर्दै उहाँले बाल तथा युवा वित्तीय कार्यक्रमलाई सामाजिक व्यवसायका रूपमा अघि बढाउन अनुरोध गर्नुभयो । वित्तीय साक्षरतालाई स्थानीय भाषा, संस्कृति, सामाजिक व्यवहारसँग आबद्ध गरेमा अझ सफल हुने विश्वास व्यक्त गर्दै उहाँले वित्तीय क्षेत्रमा "Reshaping the Financial Inclusion Architecture" निर्माण गर्ने प्रयासमा नेपाल राष्ट्र बैंक रहेको जानकारी गराउनु भयो ।

कार्यक्रममा डेपुटी गभर्नर महा प्रसाद अधिकारीले यस कार्यक्रमलाई राष्ट्रव्यापी रूपमा लैजाने बैंकको योजना रहेको र बालबच्चाहरूको अधिकारका साथै वचतको बानी विकास गर्ने, भविष्यमा उनीहरूमा उद्यमशीलताको विकास तथा वित्तीय क्षेत्रको व्यावहारिक साक्षरता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमको उद्देश्य रहेको स्पष्ट पार्नुभयो । यस प्रकारका कार्यक्रम सफल पार्ने कार्यमा अरु संस्थालाई दोष दिन भन्दा आफ्नै तर्फबाट लागु गर्दै जान उहाँले सम्बद्ध पक्षलाई सुझाव दिनुभयो । 'विद्यार्थीसँग राष्ट्र बैंक' को स्लोगनलाई मूर्त रूप प्रदान गर्न सार्वजनिक तथा संस्थागत दुवै प्रकारका शैक्षिक संस्थाबाट चासो लिन उहाँले अनुरोध समेत गर्नुभएको थियो ।

स्वागत मन्तव्य प्रस्तुत गर्दै लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले विगत केही वर्षदेखि वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको जानकारी गराउनु हुँदै बाल तथा युवा वित्तीय कार्यक्रमलाई सफल बनाउन बैंक तथा वित्तीय संस्थाले सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा

युनिसेफकी मिसाकी आकासाकाले यस प्रकारको कार्यक्रमका लागि सहयोग गर्न संस्था प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा बाल तथा युवा वित्तीय कार्यक्रमको उठान, विकास, वर्तमान अवस्था र नेपालमा अभियानका बारेमा निर्देशक चिन्तामणि शिवाकोटीले वार्ता प्रस्तुत गर्नुभएको थियो भने शिक्षा मन्त्रालयका सहसचिव हरि लम्सालले सरकारी पाठ्यक्रममा बाल तथा युवा वित्तीय कार्यक्रमको अवस्थाका बारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा लघु वित्त बैंकर्स एसोसिएसनका अध्यक्ष धर्मराज पाण्डे, एन प्याब्सनका अध्यक्ष गीता राणा, प्याब्सनका महासचिव डि.के. ढुंगाना, नेपाल आर्थिक पत्रकार समाजका उपाध्यक्ष गोकर्ण अवस्थी, सिटिजन्स बैंक इन्टरनेसनलका रोशन मानन्धर, विन्द्यवासिनी सहकारीका के.वी.लामा, सिविन नेपालका सागर प्रधान, बैंक अफ काठमाडौंका गणेश लम्साल, लगायतले आआफ्ना संस्थाका तर्फबाट यस क्षेत्रमा भएको प्रयास एवम् गतिविधिका बारेमा जानकारी गराउँदै बाल तथा युवा वचत कार्यक्रम अत्यन्त महत्वको विषय रहेको र यसलाई मूर्त रूप प्रदान गर्न आआफ्ना तर्फबाट पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूका तर्फबाट बाल तथा युवा वित्तीय कार्यक्रममा अभिभावकहरूलाई सहभागी गराएमा सफल हुने, बैंक तथा वित्तीय संस्थाले संस्थागत विद्यालयसँग सहकार्य गर्नुपर्ने, युवा संस्था सञ्जालहरूसँग समेत सहकार्य गर्नुपर्ने, भोलिका देश सञ्चालक युवा निर्माणमा समेत ध्यान दिनुपर्ने लगायतका सुझाव दिइएको थियो ।

२०६९ चैत ८ गते, बिहीवार

गभर्नरको कार्यालय